नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# श्रव्यदृश्य शाखा

सानोठिमी, भक्तपुर

## सूचीकृत हुनका लागि सूचना ।

(सूचना प्रकाशन मिति २०७९।०४।१६)

यस केन्द्रद्वारा विद्यालय शिक्षाका स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई पूरक सामग्रीको रूपमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत गुणस्तरीय श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी रेडियो र टेलिभिजनबाट प्रसारण गर्नका लागि विषयगत विज्ञ शिक्षकहरूको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहन्छौँ । कक्षा १ देखि १० कक्षासम्म शिक्षण गर्नका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र कक्षा ११ र १२ का लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त गरेका र विद्यार्थीहरूको स्तर, रूचि, उमेर समूह र क्षमता बमोजिम उत्प्रेरणा प्रदान गर्न सक्ने तथा विषयगत ज्ञान, सिप र कला कौशलसहित अन्तरक्रियात्मक शैलीमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग गरी शिक्षण गर्नसक्ने देशभरका इच्छुक शिक्षकहरूले सूचीकृत हुन यही २०७९ साल भदौ ३१ गतेभित्र रू.१०।- (दश) को टिकट टाँसी देहाय बमोजिम संलग्न गर्नुपर्ने विवरण आफैँले प्रमाणित गरी तोकिएको ढाँचामा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ । सूचीकृत हुन चाहने शिक्षकले सम्पूर्ण कागजातको स्क्यान कपी इमेल ठेगाना **avsection@cehrd.gov.np** मा पठाउन वा केन्द्रमा आफैँ आई निवेदन दिन सकिने छ । सूचीकृत हुने विज्ञ शिक्षकहरूको नामावली केन्द्रको वेबसाइटमा पछि प्रकाशन गरिनेछ ।

**संलग्न गर्नुपर्ने विवरण :**

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

२. स्थायी/अस्थायी/करार शिक्षक नियुक्ति-पत्रको प्रतिलिपि

३. शैक्षिक योग्यता र तालिमका प्रमाण-पत्रको प्रतिलिपि

४. विद्यालयबाट सम्बन्धित विषय शिक्षण सिकाइ गरेको प्रमाणित पत्रको प्रतिलिपि

यस केन्द्रमा गत वर्ष सूचीकृत भएका शिक्षकहरूले यस वर्ष पनि नवीकरण हुन चाहेमा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनु पर्नेछ। यस सम्बन्धमा थप जानकारीका लागि ०१-६६३८१५०, ०१-६६३०४५७ मा फोन सम्पर्क गर्न सकिने छ। निवेदनको ढाँचा केन्द्रको वेबसाइट www.cehrd.gov.np बाट प्राप्त गर्न सक्नुहुने छ ।